प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
मुकाम बुटवल, नेपाल

## ८६ औं सचिव बैठकका निर्णयहरु:

१) नेपालको संविधान, कार्य विस्तृतीककरण प्रतिवेदन, विभिन्न ऐनहरु तथा प्रदेश सरकारको कार्य विभाजन नियमावली बमोजिम मन्त्रालयहरुको कार्य जिम्मेवारी भित्रका कार्य एवम् क्रियाकलापहरु कार्यन्वयनका लागि आवश्यक ऐन, कानूनहरु निर्माणको कार्य योजना बमोजिम सबै मन्त्रालयहरुले कानून निर्माणको प्रक्रिया तत्काल अगाडि बढाउने।

२) सचिव बैठकबाट भएका विषयगत मन्त्रालयसँग सम्वन्धित निर्णयहरुलाई मन्त्रालयहरुले व्यवस्थित अभिलेख गरी सोको प्रभावकारी कार्यान्वयन तर्फ जोड दिने र सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा गराउने।

३) प्रदेशको एकमात्र हिमाली जिल्ला रुकुम पूर्वलाई प्रदेश सरकारले अर्गानिक जिल्लाको रुपमा घोषणा गरिसकेको सन्दर्भमा अर्गानिक जिल्लाको स्पष्ट पहिचान हुने गरी स्थानीय तहसँगको समन्वयमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले अर्गानिक जिल्लाको मापदण्ड तयार गर्ने।

४) नेपाल राष्ट्र बैङ्कको आ.व.२०७७/७८ को मौद्रिक नीतिले प्रत्येक वाणिज्य बैंकले निश्चित प्रतिशत रकम कृषि क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था गरेको सन्दर्भमा यस प्रदेशमा सोको कार्यान्वयन के-कसरी भैरहेको छ, कति किसान लाभान्वित भएका छन् ? किसानलाई थप कसरी आकर्षण/प्रोत्साहन गर्न सकिन्छ भन्ने विषयमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयको समन्वयमा प्रदेश स्थित वाणिज्य बैङ्कका प्रमुख र राष्ट्र बैंकका प्रदेश स्थित कार्यालयका प्रमुख समेतको सहभागितामा छलफल अन्तरक्रिया गरी किसानलाई उक्त कार्यक्रममा आकर्षण/प्रोत्साहन गर्न आवश्यक प्रकृया अगाडि बढाउने।

प्रमुख सचिव